३ पा... ०७६/०३/२७

अनुसूचि-२०

सिन्धुपाल्चोक जिल्ला अदालत

लिलाम वढावढको सूचना

विगो नं.३०

वादी काठमाण्डौ जिल्ला काठमाण्डौ नगरपालिका वडा नं ४ बस्ने तलसी श्रेष्ठ र प्रतिवादी ऐ.ऐ बस्ने मंगलादेवी श्रेष्ठ समेत भएको लेनदेन विगो मुद्दामा काठमाण्डौ जिल्ला अदालतको मिति २०७०/१२/०९ गते र उच्च अदालत पाटनको मिति २०७१/१२/१३ समेतको फैसलाले वादीले विगो रू २५,००,०००/- (पच्चीस लाख) भराई पाउने ठहरी फैसला भएकोमा वादीले प्रतिवादीबाट भरी पाउने विगो वापतमा प्रतिवादी मजरमान श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम भएको सिन्धुपाल्चोक जिल्ला साविक जलविरे गा.वि.स. वडा नं ४ को कि.नं. ६२९ ६३३ ६३१ र सिन्धुपाल्चोक जिल्ला फुल्पिङकोट गा.वि.स. वडा नं २ को कि.नं १००७ समेतको जग्गाहरू जेथा देखाई सोहि सम्पत्तिबाट मेरो विगो भराई पाउ भनी वादीको निवेदन परी कारवाही भई प्रतिवादीको उक्त सम्पति मिति २०७६/१०/२९ गते पहिलो पटक यस अदालतमा डाक लिलाम हुने भएकाले डाक वढावढ गरी डाक लिलाम सकार गर्न चाहने सर्वसाधरण सवैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१.डाक लिलाम मिति २०७६/१०/२९ गते हुने भएकोले यस अदालतको तहसिल शाखामा दिनको १०.००बजे देखि कार्यालय समय सम्म डाक लिलाममा वोलकवोल गर्न सकिनेछ ।

२. डाक लिलाम तोकिएको दिन सार्वजनिक विदापरे सो को भोलिपल्ट डाक लिलाम हुनेछ ।

३. मुलुकी देवानी कार्यविधी नियमावली २०७५ को नियम ५७ (घ) र (ज) बमोजिम कायम भएको न्युनतम पंचकृते मूल्यबाट डाक बढाबढ गर्नुपर्नेछ ।

४.कायम भएको न्युनतम पञ्चकृति मुल्याङकन बाट डाक वढावढ गर्नु पर्नेछ।

५.डाक लिलामको बखत वोलकवोल गरेको अङ्कको १० प्रतिशतले हुन आउने रकम सोहि दिन दाखिला गर्नु पर्ने छ। बाँकी बोलकवोल रकम डाक लिलाम भएको मितिले ७ दिन भित्र दाखिला गर्नु पर्ने छ ।७ दिन भित्र वाँकी रकम दाखिला नगरे डाक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाक लिलामको सूचना प्रकाशन गरिनेछ ।

६.डाक लिलाम वढावढ हुँदा सवैभन्दा वढी अंङ्क वोलकवोल गर्नेलाई डाक सकार गराईनेछ।

७.डाक लिलाम सम्वन्धमा वुझ्नु पर्ने भए यस अदालतको तहशिल शाखामा सम्पर्का राख्नु होला ।

डाक लिलाम हुने जेथाको विवरण यस प्रकार छ

| सि.नं. | जग्गाधनिको नाम | जिल्ला | न.पा./गा.वि.स | वडा नं. | कि.नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मजरमान श्रेष्ठ | सिन्धुपाल्चोक | जलविरे | ४ | ६३१<br>६३३ | प्रति रोपनी रू १०,००,०००/-(दश लाख) |
| २ | मजरमान श्रेष्ठ | सिन्धुपाल्चोक | जलविरे | ४ | ६३१<br>६३३ | सो कि.नं. मा बनेको पक्की घरको रू ४०,००,०००/-(चालिस लाख) |
| ३ | मजरमान श्रेष्ठ | सिन्धुपाल्चोक | जलविरे | ४ | ६२९ | प्रति रोपनी रू १५,००,०००/- (पन्ध्र लाख) |
| ४ | मजरमान श्रेष्ठ | सिन्धुपाल्चोक | फुल्पिङकोट | २ | १००७ | प्रति आना रू १,५०,०००/- (एक लाख पचास हजार |